


# जिल्ला प्रहरी कार्यालय कास्कीबाट आ.व. २०७९/०८० मा सम्पादित काम-कारवाहीहरुको विवरण

मितिः २०८० श्रावण १६ गते ।

# प्रस्तुतीकरणको विषय

१. जनशक्ति व्यवस्थापन

२. प्रहरी कार्य

३. अपराध अनुसन्धान तथा कारवाही

४. महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र

५. समुदाय प्रहरी साझेदारी

६. सफल अनुसन्धानहरु

७. Best Practices

# जनशक्ति व्यवस्थापन


# प्रहरी जनशक्ति

कुल कार्यरत
११०९
दरबन्दी भन्दा
१५.०४% बढी

९६१
कुल दरबन्दी

| पुरुष | महिला |
| --- | --- |
| ८७.९१% | १२.०८% |
| ९७५ | १३४ |

कुल कार्यरत मध्ये




# प्रहरी कारवाही तथा पुरस्कारको विवरण

## कुल कारवाही गरिएको संख्या – ४९ जना

| कारवाही | प्रनि | प्रवना नि | प्रना नि | प्रसनि | प्रवह | प्रह | प्रसह | प्रज | प्रकास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नसिहद | | | | | ४ | ३ | ५ | ७ | | १९ |
| सचेत गराईएको | २ | | १ | ४ | | ३ | ५ | ३ | | १८ |
| पदोन्नति रोक्का | | | | १ | | १ | १ | | | ३ |
| ग्रेड घटुवा | | | | | | २ | | ३ | | ५ |
| नो.ह./ बरखास्त | | | | | | | | २ | | २ |
| स्व. निलम्बन | | | | | | | | २ | | २ |
| जम्मा | २ | | १ | ५ | ४ | ९ | ११ | १७ | | ४९ |

## कुल पुरस्कृत संख्या – ८९ जना



# प्रहरी कार्य

## १. विभिन्न सुरक्षा योजना तथा प्रहरी परिचालन

जिल्ला प्रहरी कार्यालयबाट बिभिन्न अबस्थामा जिल्लामा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणको लागी निम्नानुसारको सुरक्षा योजना तयार पारी सोही वमोजीम परिचालन कार्य गरिएको ।

- एकिकृत सुरक्षा योजना - १
- बिशिष्ट व्यक्तीको भ्रमण सुरक्षा योजना – ८
- नेपाल बन्द, आम हड्ताल सुरक्षा योजना – २
- चाडपर्व सुरक्षा योजना – ५
- खेलकुद सुरक्षा योजना – ७
- महोत्सव - ७
- स्थापना दिवस - १
- SEE, +२ परिक्षा -२
- स्व.वि.यू. निर्वाचन -१

**जम्मा – ३४ वटा**

तत्काल हुने घटना, जुलुस, राजनितिक गतिबिधि, मेलापर्वहरुमा आवश्यकता अनुसार सुरक्षा योजना तयार गरी जनशक्ति परिचालन गरिएको ।

- समय समयमा भिड नियन्त्रण अभ्यास, स्ट्याण्ड टु अभ्यास समेत गरिएको ।

## २. प्रहरी परिचालन गरिएका मुख्य घटनाहरु:

- नवौं राष्ट्रिय खेलकुद २०७९
- प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९
- २४ औं स्ट्रिट फेस्टिवल २०७९
- यति एयरलाईन्सको विमान दुर्घटना
- सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीज्यूहरुको भ्रमण कार्यक्रम
- स्वविवु निर्वाचन २०७९

# ३. विपदका घटना तथा क्षतिको विवरण

**आगोलागी :** ( घटना संख्या ८१ वटा )

- मानिस मृत्यु – पुरुष -२, महिला -२ गरी जम्मा ४ जना,
- मानिस घाईते – पुरुष -७, महिला – १ गरी जम्मा ८ जना,
- चौपाय क्षति - मृत्यु - २, घईते – ५ वटा
- घर - पुर्ण क्षति ५, आंशिक १४,
- गोठ - पुर्ण क्षति २, आंशिक ३,
- सवारी साधन- पुर्ण क्षति- २० वटा, आंशिक क्षति– ७ वटा

**बाढी पहिरो :** (घटना संख्या ४८ वटा )

- मानिस मृत्यु – पुरुष -१ जना, घाईते – महिला -१ जना,
- चौपाय क्षति – मृत्यु -१ वटा, घाईते – ३ वटा,
- घर – पुर्ण क्षति – ३ वटा, आंशिक क्षति- १५९ वटा,
- गोठ पुर्ण क्षति – १ वटा
- अन्य स्कुल -१, सवारी साधन – १ वटा

**चट्याङ्ग :**(घटना संख्या १२ वटा )

- मानिस मृत्यु – पुरुष -१,
- घाईते पुरुष – ३ जना, महिला ३ जना जम्मा ६ जना,
- चौपाय क्षति – मृत्यु – ५ वटा,
- पशुपंक्षी क्षति १
- गोठ पुर्ण क्षति २,
- सरकारी भवन १

**बस दुर्घटना :-**

मानिस घाईते ५३ जना उद्दार

**बिमान दुर्घटना :- (घटना संख्या १ वटा)**

- मानिस मृत्यु ७२ जना

## ४. यति एयरलाइन्सको विमान दुर्घटनामा उद्दार कार्य :

मिति २०७९।१०।०१ गते अं.११:०० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१५ नयाँ गाउँ स्थित सिताराम हाउजिङ नजिकै सेती नदीको खोंचमा काठमाडौंबाट ७२ जना चढी पोखराका लागि उडेको यति एयरलाइन्सको जहाज दुर्घटना भएको भन्ने सूचना प्राप्त।

**घटना विवरण :-**

- यति एयरलाईन्स प्रा.लि.को YT 691 कल साईन भएको विमान।
- मिति २०७९।१०।०१ गते बिहान १०:३३ बजे काठमाण्डौबाट पोखराको लागि उडेको।
- ऐ.१०:५८ बजे सेती नदीको खोचमा परी दुर्घटना भएको।
- ४ जना चालक दलका सदस्य, ६८ जना यात्रु गरी जम्मा ७२ जना सवार रहेको।
- विदेशी नागरिक १५ जना (महिला- ३ जना, पुरुष -१२ जना), रसिया -४, फ्रान्स -१, कोरिया -२, अर्जेन्टिना -१ अष्ट्रेलिया -१, आयरल्याण्ड -१ र भारत -५ जना।
- नेपाली नागरिक ५३ जना (महिला- २३ पुरुष- २४ बालक-१ बालिका-२ शिशु-३), चालक दल -४ जना (महिला- ३, पुरुष-१)

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# घटनास्थल, उद्धार, शव व्यवस्थापन सम्बन्धी तस्वीरहरू :-






# ५. प्राकृतिक श्रोतको उत्खनन गर्ने सवारी साधनको कारवाही विवरण

| सि.नं. | विवरण | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ट्र्याक्टर | ५ | ५ | २ | ० | ० | ० | ० | २ | १ | ० | ३ | ६ | २४ |
| २ | टिप्पर/मिनि टिप्पर | ९ | २० | ३ | २ | ८ | १ | २ | ० | ५ | १ | ० | ० | ५१ |
| ३ | ट्रक/मिनिट्रक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ५ |
| ४ | स्क्याभेटर | ० | ० | ० | ० | ० | ३ | ० | ० | १ | ० | ० | ० | ४ |
| ५ | JCB | २ | ० | ० | ० | ० | १ | ० | ० | ० | ४ | ० | ० | ७ |
| | जम्मा | १६ | २५ | ६ | २ | ८ | ५ | २ | २ | ७ | ५ | ५ | ८ | ९१ |
| | राजस्व संकलन | ने.रु. ११ लाख ८९ हजार ६ सय ८० | | | | | | | | | | | | |

# ६. ट्राफिक व्यवस्थापन

## ट्राफिक प्रहरी




**दरबन्दी संख्या :- २८ जना**

**कार्यरत संख्या :- १०२ जना**



## सवारी ज्यान मुद्दा ३९ वटा




| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७।०७८ | २०७८।०७९ | ०७९।८० |
|---|---|---|---|---|---|---|
| Series1 | ४१ | ३० | ३१ | २७ | ४० | ३९ |

### आर्थिक वर्ष २०७८/०८९

ट्राफिक कारवाही :- ५५,८३५ वटा

राजश्व संकलन :-रु ३,८५,९२,०००।-



### आर्थिक वर्ष २०८९/०८०

ट्राफिक कारवाही :- ७६,४६० वटा

राजश्व संकलन :- रु.६,५०,२४,०००।–

(छ करोड पचास लाख चौविस हजार)



**अपराधिक घटनाले भन्दा सडक दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या अधिक**

# ७. ग्रामिण गस्ति योजना कार्यान्वयन र प्रगति

## ग्रामिण गस्ती योजना कार्यान्वयन र प्रगती :-

कास्की जिल्लाको ग्रामिण भेगमा थप प्रहरी परिचालन गरी स्थानीय व्यक्तिहरुसँग समेत भेटघाट एवं सहकार्य गर्ने गरी तालुक कार्यालयबाट प्राप्त निर्देशन बमोजिम प्रत्येक महिनामा ग्रामिण गस्ती योजना निर्माण गरी खटिई जाने गरेको। दैनिक रुपमा २ देखी ६ मातहतको प्रहरी चौकी सम्मका युनिटहरु बाट कम्तीमा ४ जना वा सो भन्दा बढी दैनिक गस्ती खटिई जाने र सो को प्रतिवेदन पेश गर्ने गरेको।

## ग्रामिण गस्ती कार्यान्वयन

फाल्गुन महिना : ६४ वटा

चैत्र महिना :- ११७ वटा

बैशाख महिना:- ११० वटा

जेठ महिना:- ९४ वटा

असार महिना :- १०३ वटा

**जम्मा :- ४८८ वटा।**



# ८. लागू औषध बरामद तथा नियन्त्रण









| आर्थिक वर्ष | गाँजा | चरेश | ब्राउन सुगर | डाईजापाम, फेनेरागन, नुर्फिन | नाईट्रोभ्याट | LSD | एम्फेटामाईन |
|---|---|---|---|---|---|---|---|
| २०७६/०७७ | ३५ किलो ६८७ ग्राम | १८ केजी ७६९ ग्राम | ४० ग्राम ३६६ मिलिग्राम | ८४६७ एम्पुल | ५७५ चक्की | | |
| २०७७/०७८ | ७२ किलो ५५१ ग्राम | १०० ग्राम | ८७ ग्राम | ८१३३ एम्पुल | ४३७१ चक्की | | |
| २०७८/०७९ | ११९ किलो ४० ग्राम | २ किलो ६९१ ग्राम | ९३ ग्राम ६६२ मिलिग्राम | १३१६१ एम्पुल | २८७७ चक्की | | |
| २०७९/०८० | ४१ केजी ३३६ ग्राम | ३ केजी ३०० ग्राम | ८५.७३४ ग्राम | ७८०५ एम्पुल | ५०८ चक्की | २६ पिस | ४०० ग्राम |

# ९. CCTV जडान

जि.प्र.का. कास्की – १३ वटा
व.प्र.का. बगर – १७ वटा
व.प्र.का. रामबजार – ४ वटा
व.प्र.का. बैदाम – २ वटा
सि.आर.भी. भद्रकाली – ४ वटा
सि.आर.भी. लामाचौर – ४ वटा
सि.आर.भी. शिसुवा – ४ वटा
अ.प्र.पोष्ट नदिपुर – २६ वटा
अ.प्र.पोष्ट मजुवा – २ वटा
**जम्मा संख्या – ७६ वटा**



जि.प्र.का. कास्कीको पहलमा बैंक वित्तिय संस्था लगायत अन्य सार्वजानिक निकायहरुद्वारा सार्वजनिक स्थल, बाटोघाटो देखिने गरी जोडिएकोCCTV संख्या – १८१ वटा

# अपराध अनुसन्धान तथा कारवाही

# १. मुद्दा दर्ता संख्या :

| सि.नं. | अपराध शिर्षक | मुद्दा दर्ता संख्या |
|---|---|---|
| १ | कर्तब्य ज्यान | ५ |
| २ | ज्यान मार्ने उद्योग | ११ |
| ३ | विष सेवन गरी आ.ह. | १३ |
| ४ | झुण्डिई आ.अ. | १४१ |
| ५ | हामफाली आत्महत्या | ११ |
| ६ | सवारी ज्यान | ३९ |
| ७ | फुटकर ज्यान | ११४ |
| ८ | भवितब्य ज्यान | ८२ |
| ९ | किर्ते सरकारी छाप दस्तखत | १ |
| १० | जवरजस्ती करणी | ४८ |
| ११ | जवरजस्ती करणी उद्योग | ५ |
| १२ | साधारण चोरी | १०२ |
| १३ | हातहतियार खरखजना | १ |
| १४ | जुवा | ११ |
| १५ | जातिय छुवाछुत | २ |
| १६ | शिक्षा ऐन | ४ |
| १७ | मानव वेचबिखन | ३ |
| १८ | बहुविवाह | ९ |
| १९ | लागू औषध | १०२ |
| २० | ठगी | २४ |
| २१ | अपहरण | १ |
| २२ | सवारीबाट अङ्गभङ्ग | ७ |
| २३ | कुटपिटबाट अंगभंग | ३ |
| २४ | झुटा विवरण पेश गरी नागरिकता लिएको | १ |

| सि.नं. | अपराध शिर्षक | मुद्दा दर्ता संख्या |
|---|---|---|
| २५ | सार्वजनिक हित स्वास्थ सुरक्षा सुविधा र नैतिकता विरुद्धको कसुर | ४२१ |
| २६ | वैंकिङ कसुर | ५१७ |
| २७ | अपराधिक उपद्रव | ३ |
| २८ | ज्यान सम्बन्धी कसुर (आत्महत्या दुर्साहन गर्न नहुने) | ४ |
| २९ | आगो लगाई आत्महत्या | १ |
| ३० | चोरी उद्दोग | १२ |
| ३१ | अप्राकृतिक मैथुन | १ |
| ३२ | बालयौन दुरुपयोग | १४ |
| ३३ | पशुपंक्षि सम्बन्धी कसुर | १२ |
| ३४ | निर्वाचन सम्वन्धी कसुर | १ |

| सि.नं. | अपराध शिर्षक | मुद्दा दर्ता संख्या |
|---|---|---|
| ३५ | बालबालिका सम्बन्धी कसुर | ४ |
| ३६ | ब्यक्ति बेपत्ता सम्बन्धी कसुर | २ |
| ३७ | सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१ को उपदफा १ ज्यान मार्ने मनसाय | १ |
| ३८ | प्रतिलिपी अधिकार ऐन | १ |
| ३९ | लिखत सम्बन्धी कसुर | १ |
| **जम्मा** | | **१७३४** |

## आ.व. २०७९।०८० को तथ्याङ्क अनुसार

**कुल घटना दर्ता**


**१७३४**

**औषतमा प्रति दिन**


**५**

**घटना ।**

### सबैभन्दा धैरै दर्ता भएका अपराधहरू




# २. मुद्दा दर्ता फच्छौंट र वाँकी विवरण





# ३. बिभिन्न अपराधहरुको तुलनात्मक विवरण

## क) ज्यान सम्बन्धी र महिला तथा बालबालिका विरूद्धका कसूर




# ख) लागु औषध र सार्वजनिक हित, नैतिकता विरुद्दको कसूर








# ग) चोरी र बैंकिङ कसूर



# घ) आत्महत्या




कुल मृत्यु

१६३

# च) साईबर अपराध सम्बन्धी उजुरी

| आ.व. | साइबर अपराधको प्रकृति (Fake ID श्रृजना, ID ह्याकिङ (Hacking), गालि-वेईज्जति, अश्लील वा अमर्यादित कुराकानी) | निवेदन परेको संख्या | आफै बन्द गराएको | आवश्यक कारबाहीको लागि तालुक का. मा पठाएको | पीडित संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | बालक | बालिका | जम्मा |
| २०७८/०७९ | **सामाजिक सञ्जाल मार्फत** | २९७ | १८० | ११७ | १२२ | १५० | ११ | १४ | २९७ |
| २०७९/८० | **सामाजिक सञ्जाल मार्फत** | ४१९ | ७६ | २१९ | १६६ | २२६ | ४ | २३ | ४१९ |

- अनलाइन ठगी अन्तर्गत ४०२ वटा निवेदन परेको (अ. ४ करोड ३५ लाख ने.रु. वरावरको ठगी भएको विवरण), जसअन्तर्गत ने.रु. ५७,५२,७७० वरावरको रकम सम्वन्धित व्यक्तिले पीडितलाई फिर्ता गरेको।

# छ) निवेदन शाखामा पर्न आएका उजुरी


जिल्ला प्रहरी कार्यालय कास्कीमा प्राप्त निवेदन

| क्र.सं. | विषय | निवेदन संख्या | | |
|---|---|---|---|---|
| | | उजुरी | फछर्यौट | बाँकी |
| १ | झैझगडा, कुटपिट, गालि-गलौज | ३९२ | १९४ | |
| २ | आर्थिक लेनदेन जोडिएको शान्ति सुरक्षा सम्वन्धि | १६०७ | ३१७ | |
| ३ | जग्गा सम्बन्धी | ३८ | ४ | |
| ४ | गाडि खरिद बिक्री | ४२ | ९ | |
| ५ | मोवाईल हराएको | २२८६ | २८६ | |
| ६ | सवारी दुर्घटना | १६ | ४ | |
| ७ | वैदशिक रोजगार ठगी | ४९ | ३ | |
| ८ | अनलाईन ठगी | ७ | २ | |
| ९ | सामाजिक सञ्जाल अपराध | ६ | २ | |
| १० | पारिश्रमिक नदिएको | ७१ | १८ | |
| ११ | सामान्य चोरी | ४८ | ९ | |
| १२ | सवारी हराएको | २० | १ | |
| १३ | अन्य | ४९ | ३३ | |
| जम्मा | | ४६३१ | ८८२ | |


जिल्ला प्रशासन कार्यालय कास्कीबाट प्राप्त निवेदन

| क्र.सं. | विषय | निवेदन | | |
|---|---|---|---|---|
| | | उजुरी | फछर्यौट | बाँकी |
| १ | झैझगडा कुटपिट | १२९ | ५६ | |
| २ | गाडी खरिद बिक्री तथा नियन्त्रण सम्बन्धि | ७ | २ | |
| ३ | आर्थिक लेनदेन | १६ | ० | |
| ४ | जग्गा सम्बन्धी | २१ | १५ | |
| ५ | अन्य | ९ | २ | |
| ६ | बैदेशिक रोजगारी ठगी | ९ | १ | |
| जम्मा | | १९१ | ७६ | |
| | | | | |

# ४. फैसला कार्यान्वयनको अवस्था




पक्राउ संख्या




बिगो संकलन (रु)


## कैद सजाय

४७ वर्ष ७ महिना १ दिन


९७ वर्ष १ महिना १० दिन

# महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र


# १. घरेलु हिंसाका निवेदनहरू




# (२) शान्ति सुरक्षा सम्बन्धी निवेदनहरु



# (३) हराएका तथा फेला परेका महिला वालवालिका तथा जेष्ठ नागरिक



# (४) उद्धार गरेको संख्या




विभिन्न समयमा भारतमा अलपत्र परेका १२ जना किशोरीहरुलाई शक्ती समुह र माईती नेपाल संस्थाको समन्वयमा उद्दार गरी आफन्तको जिम्मा लगाईएको ।

# समुदाय प्रहरी साझेदारी

# १. समुदायिक प्रहरी साझेदारी अन्तर्गतका कार्यक्रमहरु

| सि.नं. | कार्यक्रम | संख्या |
|---|---|---|
| १ | लघु सचेतनामूलक कार्यक्रम | २२८ |
| २ | लागू औषध सम्बन्धी | १७६ |
| ३ | सडक सुरक्षा | १२४ |
| ४ | साईबर सुरक्षा सम्बन्धी | १०४ |
| ५ | महिला बालबालिका सम्बन्धी | ६१ |
| ६ | चोरी नियन्त्रण | ९ |
| ७ | स्वयंम सेवक परिचालन | ४३ |
| ८ | लैंगिक हिंसा सम्बन्धी कार्यक्रम | ६२ |
| ९ | छलफल तथा अन्तरक्रिया | ३४ |
| १० | सरसफाई कार्यक्रम | २४ |
| ११ | नागरिक सुनुवाई कार्यक्रम | २ |
| १२ | नि:शुल्क स्वास्थ्य परिक्षण | १० |
| १३ | घरदैलो कार्यक्रम | २९ |
| १४ | रक्तदान कार्यक्रम | ५ |
| १५ | धुम्रपान तथा सुर्तिजन्य पदार्थको नियन्त्रण | १० |
| १६ | आत्महत्या न्युनिकरण | १५ |
| १७ | गाँजा फडानी | १६ |
| १८ | आगलागी नियन्त्रण सम्बन्धी | ३ |
| १९ | मानव अधिकार सम्बन्धी | ६ |
| २० | आधारभुत सुरक्षा | ४७ |
| २१ | अन्य | ६८ |
| जम्मा | | १०७९ |

# २. हराएका तथा चोरी भएका मोवाईल फेला पारी बुझाईएको



आ.व. २०७९।०८० मा जम्मा २८७ थान मोवाईल फेला पारी सम्बन्धित व्यक्तिलाई बुझाईएको ।




आ.व. २०७९।०८० मा विभिन्न समयमा हराएका नगद रु.२४,४००।–, मनि पर्स र अन्य महत्वपूर्ण कागजातहरु फेला पारी बुझाईएको ।

# ३. भौतिक संरचना निर्माण




प्रहरी परिचालन कक्ष (CONTROL ROOM) मर्मत तथा सेवाग्राही मुखी संचालन



सेवा ग्राही प्रतिक्षालय निर्माण



सवारी साधन ग्यारेज निर्माण



# ३. भौतिक संरचना निर्माण

## वडा प्रहरी कार्यालयको हाता भित्र प्रहरी परिचालन कक्ष र महिला व्यारेक भवन निर्माण तथा मर्मत






# ३. भौतिक संरचना निर्माण

ईलाका प्रहरी कार्यालय हंशपुर, कास्कीको नयाँ भवन निर्माण



सामुदायिक सेवा केन्द्र, कालिकाको भवन



# लघु सचेतना मूलक कार्यक्रमहरु





# केही सफल अनुसन्धानहरु

# चालु आ.व. को सफल अनुसन्धानहरु

**१. ATM मेसिन फोडी चोरी गर्ने व्यक्ति पक्राउ :-**

मिति २०७९।०४।०३ गते जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.३० अर्घौ चोक स्थित रहेको NMB बैकको ATM बुथमा रहेको मेसिन फोरी रकम चोरी भएको र सोही मितिमा जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. २७ तालचोक स्थित रहेको NIC ASIA बैकको ATM मेसिन फोर्ने प्रयास भएको भन्ने सुचना प्राप्त हुनसाथ हुलियाको आधारमा संकित व्यक्तिको खोजतलास तथा अनुसन्धानको क्रममा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.३० डुँडाको मुख बस्ने वर्ष २१ को भेडे भन्ने अनिस तामाङलाई नेपाल भारत सिमाना नजिक बेलहिया रुपन्देहीबाट मिति २०७९।०५।०२ गते पक्राउ गरी ल्याएको। निजलाई चोरी तथा डाँका सम्बन्धी कसूरमा सम्मानित कास्की जिल्ला अदालतको आदेशले कारागारमा रहेको।



## २. लागू औषध सहित तीन जना पक्राउ

मिति २०७९।०४।२८ गते जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.३० पावरहाउस चोक स्थित वडा प्रहरी कार्यालय गगनगौँडाबाट खटिएको प्रहरी टोलीले सवारी साधन चेकजाँच गर्ने क्रममा जिल्ला नवलपरासी पाल्हीनन्दन गाउँपालिका वडा नं.६ बस्ने वर्ष २० को बिशेष भन्ने प्रह्लाद लोहार, जिल्ला पर्बत मोदी गा.पा. वडा न.-६ स्थायी घर भई हाल पोखरा म.न.पा. वडा न.-१० बस्ने वर्ष २६ को सबिन के.सी. र जिल्ला कास्की पोखरा म.न.पा. वडा न.-१४ चाउथे बस्ने वर्ष ३२ को भूषण मिजारलाई लागू औषध डाईजापाम- २०० एम्पुल, फेनेरागन- २०० एम्पुल, नुर्फिन- २०० एम्पुल गरी जम्मा- ६०० एम्पुल सहित फेला पारेको हुँदा निजहरूलाई पक्राउ गरी अदालत पेश गर्दा सम्मानित कास्की जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि कारागारमा रहेको।



## ३. जबरजस्ती करणी मुद्दामा ८ जना पक्राउ :-

मिति २०७९।०५।१४ गते अन्दाजी ०५:०० बजे जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.७ शान्तिनगरचोक स्थित पेट्रोलपम्प अगाडीबाट जबरजस्ती उठाई अपहरण गरेर नम्बर थाहा नभएको कालो रंगको गाडीमा राखी जिल्ला कास्की माछापूच्छ्रे गाउँपालिका वडा नं. ३ घाचोक स्थितमा रहेको बंङ्गुर फार्ममा लगि अमृत ठकुरी लगायत ७ जना व्यक्तिहरूले ऐ.१५ गते दिउसोसम्म कोठा भित्र बन्धक बनाएर विभिन्न किसिमको डर धम्की देखाई पालै पालो जबरजस्ती करणी गरेको भन्ने वर्ष २६ की महिलाको जाहेरी प्राप्त पश्चात अनुसन्धान टोली खटिई गई जिल्ला कास्की माछापुच्छ्रे गा.पा. वडा नं. ३ घाचोक वर्ष ३१ को अमृत ठकुरी, ऐ.ऐ. वस्ने वर्ष ३० को सन्तोष दवाडी, ऐ.ऐ. बस्ने वर्ष २१ को साजन दवाडी, ऐ.ऐ. बस्ने बर्ष ३० को राजिव जि.सी., ऐ.ऐ. बस्ने वर्ष २८ को अनुप अधिकारी, ऐ.ऐ. बस्ने बर्ष २४ को सन्जित नेपाली, ऐ.ऐ. बस्ने वर्ष २४ को सन्जु शाही, ऐ.ऐ. बस्ने वर्ष २८ को रामेश्वर धितालालाई पक्राउ गरी अनुसन्धान प्रकृया अगाडी बढाईएकोमा मिति २०७९।०६।०९ गते सम्मानित अदालतको आदेशले पुर्पक्षको लागि कारागार थुनामा गएको ।

**४. कर्तव्य ज्यान मुद्दामा १ जना पक्राउ :-**

मिति २०७९।०५।१७ गते अ.०७:३० बजेको समयमा जिल्ला कास्की पोखरा म.न.पा.वडा नं. १४ छिनेडाँडा राधाकृष्ण टोल स्थित आफ्नै घरमा वर्ष ४४ की बिमला गुरुङलाई निजकै श्रीमान लोक बहादुर गुरुङले धारिलो हतियार खुकुरी समेतले प्रहार गरी घाईते बनाई उपचारको क्रममा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा मृत्यु भएको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी टोली खटिई गई जिल्ला स्यांङ्जा पुतलीबजार न.पा.वडा नं.२ चिरुवा स्थायी घर भई जिल्ला कास्की पोखरा म.न.पा.वडा नं. १४ छिनेडांडा बस्ने टेक बहादुर गुरुङको छोरा बर्ष ४९ को लोक बहादुर गुरुङलाई पक्राउ गरी सम्मानित अदालतको मिति २०७९।०६।०७ गतेको आदेशले पुर्पक्षको लागि कारागार थुनामा गएको।

## ५. मानव वेचबिखन तथा ओसारपसार मुद्दामा १ जना पक्राउ :-

मिति २०७९।०५।२२ गते बेलुकी अं.१७:०० बजे जिल्ला कास्की पोखरा म.न.पा.वडा नं.८ जाल्पारोड स्थित रहेको किसान खाजाघरका संचालक किसान कुमालले ईच्छा विपरीत यौन कृयाकलापमा लगाएको भन्ने व्यहोराको ५ जना किशोरीहरूको जाहेरी प्राप्त पश्चात जिल्ला तनहुँ रिसीङ गाऊँपालिका वडा नं.५ घर भई हाल जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.८ जाल्पारोड बस्ने वर्ष २१ को किसान कुमाललाई पक्राउ गरी अनुसन्धान गर्दा सम्मानित कास्की जिल्ला अदालतको मिति २०७९।०७।०२ गतेको आदेशले पुर्पक्षको लागि कारागार थुनामा गएको।

## ८. नक्कली गरगहना देखाई बैंकबाट कर्जा लिई ठगी गरेको कसुरमा १ जना पक्राउ :-

मिति २०७९।०७।२३ गते अं.१४:०० बजेको समयमा जिल्ला कास्की पोखरा म.न.पा.वडा नं. १७ बिरौटामा शाखामा रहेको राष्ट्रिय बाणिज्य बैक र मिति २०७९।०७।२३ गते अं.१२:३० बजेको समयमा जिल्ला कास्की पोखरा म.न.पा.वडा नं. ८ पृथ्वीचोक शाखामा रहेको राष्ट्रिय बाणिज्य बैकमा विभिन्न समयमा विभिन्न किसिमका नक्कली सुनका गरगहनाहरू धितो राखी जम्मा रु.२४,०५,०००।– कर्जा लिएको र लामो समयसम्म ब्याज समेत नबुझाए पछि शंका लागि धितो राखेको सुन चेक गर्दा कमसल खालको सुन रहेको पाईएकोले निजलाई कानून बमोजिम कारबाही गरी पाऊ भन्ने व्यहोराको जाहेरी प्राप्त पश्चात प्रहरी खटिई गई जिल्ला पर्वत कुस्मा न.पा.वडा नं.३ बस्ने वर्ष २५ को अभिसेक सुनारलाई पक्राउ गरी अनुसन्धान प्रकृया अगाडी बढाउँदा सम्मानित अदालतको मिति २०७९।०८।२१ गतेको आदेशले रु.३०,००,०००।– तिस लाख धरौटी माग भई उक्त धरौटी राख्न नसकी कारागार थुनामा गएको ।



## ९. चोरी मुद्दामा १ जना महिला पक्राउ :-





पोखराको विभिन्न स्थानहरूबाट १२ जना महिलाहरूले लगाएको विभिन्न सुनका गरगहनाहरू जम्मा बिगो रु.३१,७१,२५१।– बराबरको गहनाहरू चोरी भएको घटनामा संलग्न जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१० अमरसिंह माईती घर भएकी जिल्ला पर्वत मोदी गाउँपालिका वडा नं.६ डिमुवा स्थायी घर भई हाल जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ४ गणेशटोल बस्ने वर्ष ३४ की टिका श्रेष्ठ र चोरीको सुन खरिद गर्ने जिल्ला कास्की रुपा गाउँपालिका वडा नं.६ भिरचोक गाउँ घर भई हाल जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ४ सिद्धार्थचोक बस्ने रुपाकोट सुनचाँदी पसलका संचालक वर्ष ५२ को दशरथ सुनारलाई पक्राउ गरी अनुसन्धान गरिएको । सम्मानित अदालतको मिति २०७९।०९।२५ गतेको आदेशले चोरी गर्ने टिका श्रेष्ठ पुर्पक्षको लागि कारागार थुनामा गएको र चोरीको सुन खरिद गर्ने दशरथ सुनारलाई रु.१२,००,०००।– बाह्र लाख धरौटी माग भई उक्त धरौटी राखी तारेखमा छुटेको ।

## १०. लागू औषध सहित २ जना पक्राउ

मिति २०८०।०१।०३ गते अन्दाजी १२:३० बजेको समयमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले  जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.९ चिप्लेढुङ्गा स्थित एक होटलबाट जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.२९ तालचोक बस्ने वर्ष ३२ की रमा माया कुमाल र देश भारत पश्चिम बंगाल जिल्ला मुर्सिदावाल बासगरा पोष्ट थाना लाल गोडा बस्ने वर्ष ३७ को अनारुल ईस्लामको साथबाट लागू औषध ब्राउनसुगर जस्तो देखीने पदार्थ ३३ ग्राम, लागू औषध तौल गर्न प्रयोग गरिने डिजिटल तराजु १ थान र मोवाईल थान २ सहित फेला परेको हुँदा निजहरूलाई पक्राउ गरी सम्मानित कास्की जिल्ला अदालतमा पेश गर्दा पुर्पक्षको लागि कारागार चलान गरेको ।




# ११. नक्कली सुन देखाई ठगी गर्ने २ जना मानिस पक्राउ



मिति २०८०।०२।०५ गते जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.१० अम्मरसिंहचोक स्थित मानिसहरुलाई नक्कली सुन देखाई सक्कली सुनका गरगहना लुट्ने तथा नगद समेत ठगी गरी २ जना फरार भएको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरी टोलिले मिति २०८०।०२।३२ गते जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.२६ अर्घौचोक स्थितबाट जिल्ला सिन्धुली दुधौली न.पा. वडा नं. १० कोगटी बस्ने वर्ष ४४ का बिमल तामाङ र जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं.२ बस्ने वर्ष ४१ का सन्तोष मगरलाई फेला पारी निजहरुलाई खानतलासी गर्दा निजहरुको साथबाट सुन जस्तो देखिने 9999 100 लेखिएको पहेँलो रंगको धातु ३ थान, विभिन्न कम्पनीका मोवाईल ३ थान र नगद रु.५४३५।– सहित फेला पारी पक्राउ गरी सम्मानित कास्की जिल्ला अदालतबाट ठगी, आपराधिक विश्वास घात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसुरमा अनुसन्धान पश्चात अदालतको आदेशले कारागार चलान भएको ।


## १२. महिलालाई कुटपिट गरी घाईते बनाई फरार व्यक्ति पक्राउ



मिति २०८०।०२।०५ गते राति अं.२२:०० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१८ गुफाडाँडा स्थित झाँडीमा एक जना महिलालाई गम्भीर घाईते अवस्थामा फेला पारी तत्काल उद्धार गरी उपचारार्थ अस्पताल पठाईएको र घटनासम्बन्धमा अनुसन्धान गर्दै जाँदा जिल्ला धादिङ बेनीघाट घर भएका दिपेन गुरुङ नाम बताउने व्यक्ति समेतले फलामको हथौडा तथा धारिलो हतियार चक्कु समेत प्रयोग गरी टाउकोको विभिन्न भागमा प्रहार गरी मरणासन्न अवस्थामा पुऱ्याई झाडीमा फाली निजको साथबाट नगद रु.४,०००।- र मोबाईल फोन १ थान समेत लुटी भागेको भन्ने खुल्न आएको हुँदा मिति २०८०।०४।०७ गते नेपाल प्रहरी प्रदेश कार्यालय पोखरा, जिल्ला प्रहरी कार्यालय कास्कीको सहकार्यमा वडा प्रहरी कार्यालय, बैदामबाट खटिएको प्रहरी टोलीले जिल्ला धादिङ बेनीघाट, रोराङ गा.पा. वडा नं.-१०, डुंगे घर भएका वर्ष २५ को दिपेन गुरुङ भन्ने सन्त बहादुर मगरकोलाई निजको घर वतनबाट पक्राउ गरी सम्मानित कास्की जिल्ला अदालतबाट कुटपिट वा अंगभंग सम्बन्धी कसुर मुद्दामा अनुसन्धान प्रकृया अगाडि बढाईएको ।

# १३. कर्तव्य ज्यान मुद्दामा ४ जना पक्राउ

मिति २०७९।०४।२६ गते बेलुका अन्दाजी १७:३० बजेको समयमा जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.-३० खुदी स्थितबाट हराईरहेकी बर्ष ३६ कि गौरी बसौला मिति २०७९।०५।०८ गते दिउँसो अं.१२:०० बजेको समयमा जिल्ला कास्की रुपा गा.पा. वडा नं.-५ मर्ज्याङकोट काउरे स्थित रामचन्द्र बसौलाको मानिस बस्न छाडेको घरको दोस्रो तलामा मृत अबस्थामा फेला परेको । उक्त घटनामा अनुसन्धान गर्दै जाँदा निजकै श्रीमान दोलराज बसौलाले कर्तब्य गरी मारेको हुँदा निज लगायत घटनामा संलग्न अन्य ३ जनालाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान प्रकृया अगाडी बढाईएकोमा निजको श्रीमान दोलराज बसौला पुर्वपक्षको लागि कारागार चलान भएको र अन्य धरौटीमा छुटेको।


प्रतिबादी दोलराज बसौला


प्रतिबादी राम प्रसाद सुबेदी


प्रतिबादी रामकृष्ण बसौला


प्रतिबादी सत्य नारायण घिमिरे

## १४. <u>२५ के.जी.२०० ग्राम गाँजा सहित मानिस पक्राउ :</u>

मिति २०८०/०४/१ गते बिहान अन्दाजी ९:०० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.६ लेकसाइड स्थितमा होटलमा बसेका जिल्ला धादिङ सिद्दगाँउपालिका वडा नं.५ बस्ने बर्ष २५ को अमर घले र जिल्ला सिन्धुली तिनपाटे गा.पा. वडा नं.५ बस्ने बर्ष २४ को बिक्रम मोक्तान समेतले लागु औषध गाजाँ लिई राखेको भन्ने गोप्य सूचनाको आधारमा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले निजहरुलाई नियन्त्रणमा लिई कोठा खानतलासी गर्दा २५ के.जि.२०० ग्राम लागू औषध गाँजा र गाँजा बोक्न प्रयोग भएको प्रदेश ३-०१०२३ च २७४३ नम्बरको गाडी समेत बरामद गरी सम्मानित अदालतबाट  लागू औषध सम्बन्धी मुद्दामा अनुसन्धान प्रकृया अगाडी बढाईएको ।





## १५. विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ :

१. मिति २०५६।११।२७ सर्वस्व सहित जन्मकैद ठहरको फैसला भएका कर्तव्य ज्यान मुद्दाको फरार प्रतिवादी उमेश बहादुर गिरीलाई २३ वर्ष पछि चितवनबाट पक्राउ गरी ल्याई सम्मानित अदालतमा उपस्थित गराएको ।

२. मिति २०७३।०२।१७ गते जन्मकैद ठहर भएका कर्तव्य ज्यान मुद्दाको फरार प्रतिवादी जगेन्द्र पाइजा पुनलाई ६ वर्ष पछि म्याग्दीबाट पक्राउ गरी सम्मानित अदालतमा उपस्थित गराएको ।

३. जबरजस्ती करणी मुद्दामा सम्मानित अदालतबाट मिति २०७९।०१।१४ गते १९ वर्ष ३ महिना कैद, रु. १०,०००।– जरिबाना तथा पीडितलाई रु. २,००,०००।– क्षतिपूर्ति भराउने फैसला ठहर भएको फरार प्रतिवादी तारानाथ तिवारीलाई निजको घर जिल्ला कास्की पोखरा २८ कालिका स्थितबाट पक्राउ गरेर सम्मानित अदालतमा उपस्थित गराएको ।

## १६. सहकारी ठगीमा अनुसन्धान प्रकृया अगाडी बढाईएको :

क. शिबशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.का हामी बचतकर्ताहरुले सहकारीमा जम्मा गरेको रकम सहकारीका संचालक समिति तथा कर्मचारीको मिलेमतोमा हिनामिना एवं ठगी गरेको भनी १००० जना पीडित बचत कर्ताहरुले व्यक्तिले सहकारी संचालक समितिका पदाधिकारीहरु उपर सहकारी ऐन अन्तर्गत कसूरमा जाहेरी पेश गरेकोले उक्त जाहेरी दर्ता गरी सहकारीका संचालक एवं पुर्व अध्यक्ष केदारनाथ शर्मा समेत निजको श्रीमती गिता शर्मा र सदस्यहरु पुस्कर मल्ल र अमिशराज भण्डारीलाई पक्राउ गरी बयान समेतको कार्य सम्पन्न गरी उक्त कसूरमा संलग्न निज प्रतिवादीहरु लगाएत १० जना व्यक्तिहरुलाई कानून बमोजिम कारवाही हुन मागदावी सहित प्रस्तावित राय जि.स.व.का.मा पेश गरिएको । ७१७० जना पीडित बचत कर्ताहरुको ठगिएको एकमुष्ठ रकम रु.५४,२३,८५,३६८.५९।– सम्बन्धित पीडितहरुलाई भराउन समेत मागदावी गरिएको ।

ख. ईमेज बचत तथा ऋण सहकारी संस्था लि.का बचतकर्ताहरुले सहकारीमा जम्मा गरेको रकम सहकारीका संचालक समिति तथा कर्मचारीको मिलेमतोमा हिनामिना एवं ठगी गरेको भनी ४०८ जना पीडित बचत कर्ताहरुले व्यक्तिले सहकारी संचालक समितिका पदाधिकारीहरु उपर सहकारी ऐन अन्तर्गत कसूरमा जाहेरी पेश गरेकोले उक्त जाहेरी दर्ता गरी सहकारीका वर्तमान अध्यक्ष चित्र बहादुर भण्डारी र सदस्य शक्ति किसानलाई बाग्लुङ कारागारबाट झिकाई बयान गर्ने समेतको कार्य भई रहेको र सहकारी संचालक एवं पुर्व अध्यक्ष देव कुमार नेपाली समेत १२ जना प्रतिवादीहरुहरुलाई पक्राउ गर्न विशेष रुपमा प्रहरी परिचालन गरी खोजतलास कार्यमा तिब्रता दिएको ।

हालसम्म एकमुष्ठ रकम रु.६५,५९,८२,०५९.१२।– ठगी भएको पीडित बचत कर्ताहरुले पेश गरेको कागजातबाट देखिएको ।

सहकारी संस्थाको ताला खोली खानतलासी गरी कसूर संग सम्बन्धित प्रमाण लाग्ने कम्प्युटर लगाएतका मेसिनरी औजारहरु र कागजातहरु समेत बरामद गरिएको ।

# नवपर्वतनीय तथा सिर्जनशील कार्यहरु

## प्रहरी कर्मचारीहरुको स्वास्थ्य परिक्षण कार्यक्रम




## मानव अधिकार संरक्षण र सम्बर्धन एवं नागरिक मैत्री प्रहरी व्यवहार सम्बन्धी अनुशिक्षण कार्यक्रम



१. जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीमा TVRS प्रणाली लागु गरी अनलाईन मार्फत राजश्व संकलन गर्ने व्यवस्था मिलाइएको।
२. मिति २०८०/०१/२५ गते देखी ऐ. ३१ गते सम्म ट्राफिक सप्ताह कार्यक्रमका साथै ग्रामिण सडक सुरक्षा साप्ताहिक कार्यक्रम समेत संचालन गरिएको।
३. लामो समय देखी पोखरा बसपार्क स्थित सडकमा नै क्यूमा राखी संचालन हुने लामो तथा छोटो दुरीका सवारी साधनहरुलाई बसपार्क भित्रबाट संचालन गर्ने व्यवस्था मिलाईएको।






# ग्याँसबाट हुने आगलागि नियन्त्रण, हतकडीको प्रयोग, Fire Extinguisher प्रयोग सम्बन्धी प्रशिक्षण कार्यक्रम





## डुङ्गा व्यवसायीहरुसंग अन्तरक्रिया कार्यक्रम



## घरेलु हिंसा सम्बन्धी लघु सचेतना कार्यक्रम र पर्चा वितरण



## घटनास्थलमा खटिने प्रहरी कर्मचारीले गर्नुपर्ने कार्य सम्बन्धी प्रशिक्षण कार्यक्रम



## हतकडीको सहि प्रयोग सम्बन्धी प्रशिक्षण कार्यक्रम



## महिला प्र.क.हरुलाई स्वास्थ्य सम्बन्धी प्रशिक्षण कार्यक्रम



## प्रहरी कर्मचारीहरुलाई स्वास्थ्य राख्न विहानको समयमा Zumba Orientation कक्षा संचालन



# नागरिक सुनुवाई कार्यक्रम






# नेपाल राष्ट्र बैंक पोखरा कार्यालयको सहयोगमा प्रहरी कर्मचारीहरुलाई वित्तिय साक्षरता सम्बन्धी कक्षा संचालन





प्रहरी कर्मचारीहरुमा उत्प्रेरणाको स्तर अभिवृद्धी, शारीरिक मानसिक रुपमा स्वास्थ्य एवं भाईचारा आधारवन्दुत्व विकास गर्ने अभिप्रायका साथ हाईकिङ संचालन गरिएको।





# विभिन्न क्याम्पस तथा विद्यालयहरुमा सचेतना मूलक कार्यक्रमहरु संचालन





# लागू औषध दुर्व्यसनी तथा ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवसको अवसरमा र्‍याली तथा कार्यक्रम






# हार्दिक धन्यवाद !

## जिल्ला प्रहरी कार्यालय, कास्की

| www.nepalpolice.gov.np | www.facebook.com/dpokaski | twitter.com/dpokaski | Nepal Police App | 100,<br>061-530392 |
|---|---|---|---|---|